


# एचआइभी तथा यौनरोग र लैङ्गिक हिंसा सम्बन्धी जानकारीमूलक फिलपचार्ट

USAID
FROM THE AMERICAN PEOPLE

***Saath-Saath Project***

# एचआइभी र एड्स भनेको के हो ?

## एचआइभी (HIV)

एच (H): (Human) ह्युमन (मानिसमा मात्र हुने र मानिसलाई मात्र असर गर्ने )

आई (I): (Immunodeficiency) इम्युनोडिफिसियन्सी (मानिसको शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई कमजोर पार्दै लैजाने)

भी (V): (Virus) भाइरस (आँखाले देख्न नसक्ने जीवाणु)


## एड्स (AIDS)

ए (A): (Acquired) एक्वाईर्ड (बंशाणुगत नभई आर्जित वा अरुबाट पाएको)

आई (I): (Immune) इम्युन (मानिसको शरीरको रोग प्रतिरोधात्मक क्षमता)

डि (D): (Deficiency) डिफिसियन्सी (कमजोर हुनु)

यस (S): (Syndrome) सिन्ड्रोम (बिभिन्न रोगहरुको लक्षणहरुको संगालो वा समूह)



# एचआइभी र एड्स भनेको के हो ?

## एचआइभी (HIV)

एच (H): (Human) ह्युमन (मानिसमा मात्र हुने र मानिसलाई मात्र असर गर्ने )

आई (I): (Immunodeficiency) इम्युनोडिफिसियन्सी (मानिसको शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई कमजोर पार्दै लैजाने)

भी (V): (Virus) भाइरस (आँखाले देख्न नसक्ने जीवाणु)


## एड्स (AIDS)

ए (A): (Acquired) एक्वाईर्ड (बंशाणुगत नभई आर्जित वा अरुबाट पाएको)

आई (I): (Immune) इम्युन (मानिसको शरीरको रोग प्रतिरोधात्मक क्षमता)

डि (D): (Deficiency) डिफिसियन्सी (कमजोर हुनु)

यस (S): (Syndrome) सिन्ड्रोम (बिभिन्न रोगहरुको लक्षणहरुको संगालो वा समूह)



# एचआइभी र एड्समा के फरक छ ?

## एचआइभी

- एचआइभी आँखाले देख्न नसकिने एक अति सानो जीवाणु (भाइरस) हो ।
- एचआइभी आफैमा रोग होइन ।
- यो जीवाणु मानिसको शरीरमा पसे पछि मानिसको रोगसँग लड्ने क्षमतालाई कमजोर बनाउँदै लैजान्छ ।
- एचआइभी संक्रमण भएको धेरै बर्षसम्म पनि बिना लक्षण स्वस्थ रहेर जीवनयापन गर्न सक्छ ।

## एड्स

एचआइभी संक्रमण भएका ब्यक्तिहरुको शरीरको रोगसँग लड्ने क्षमता कमजोर हुँदै गएपछि बिभिन्न रोगहरुले संक्रमण गर्ने अवस्थालाई एड्स भनिन्छ ।





# एचआइभी र एड्समा के फरक छ ?

## एचआइभी

- एचआइभी आँखाले देख्न नसकिने एक अति सानो जीवाणु (भाइरस) हो ।
- एचआइभी आफैमा रोग होइन ।
- यो जीवाणु मानिसको शरीरमा पसे पछि मानिसको रोगसँग लड्ने क्षमतालाई कमजोर बनाउँदै लैजान्छ ।
- एचआइभी संक्रमण भएको धेरै बर्षसम्म पनि बिना लक्षण स्वस्थ रहेर जीवनयापन गर्न सक्छ ।

## एड्स

एचआइभी संक्रमण भएका ब्यक्तिहरुको शरीरको रोगसँग लड्ने क्षमता कमजोर हुँदै गएपछि बिभिन्न रोगहरुले संक्रमण गर्ने अवस्थालाई एड्स भनिन्छ ।





# एचआइभी कसरी सर्दछ ?

## १. यौन सम्पर्कको माध्यमबाट

- यौनसम्पर्क गर्दा यौनरस (पुरुषको बीर्य र महिलाको योनीरस) को माध्यमबाट
- कण्डम प्रयोग नगरीकन यौनसम्पर्क गर्दा
  - गुदा मैथुन
  - योनी मैथुन
  - मुख मैथुन






# एचआइभी कसरी सर्दछ ?

## १. यौन सम्पर्कको माध्यमबाट

- यौनसम्पर्क गर्दा यौनरस (पुरुषको बीर्य र महिलाको योनीरस) को माध्यमबाट
- कण्डम प्रयोग नगरीकन यौनसम्पर्क गर्दा
  - गुदा मैथुन
  - योनी मैथुन
  - मुख मैथुन






# एचआइभी कसरी सर्दछ ?

## २. रगतको माध्यमबाट

- सुइ साटासाट गरेर लागूपदार्थ प्रयोग गर्दा
- एचआइभी संक्रमण भएको रगत वा रगतबाट बनेको पदार्थहरु लिंदा
- सुइ (सियो) साटासाट गरेर टाटु बनाउँदा







# एचआइभी कसरी सर्दछ ?

## २. रगतको माध्यमबाट

- सुइ साटासाट गरेर लागूपदार्थ प्रयोग गर्दा
- एचआइभी संक्रमण भएको रगत वा रगतबाट बनेको पदार्थहरु लिंदा
- सुइ (सियो) साटासाट गरेर टाटु बनाउँदा





# एचआइभी कसरी सर्दछ ?

## ३. एचआइभी संक्रमित गर्भवती आमाबाट बच्चामा

- बच्चा जन्मने (सुत्केरी बेथा) समयमा
- दूध खुवाउँदा
- गर्भ रहेको समयमा







# एचआइभी कसरी सर्दछ ?

## ३. एचआइभी संक्रमित गर्भवती आमाबाट बच्चामा


- बच्चा जन्मने (सुत्केरी बेथा) समयमा
- दूध खुवाउँदा
- गर्भ रहेको समयमा







# एचआइभी कसरी सर्दैन ?



हात मिलाउँदा



लामखुट्टे, उपियाँ, उडुसले टोक्दा



अंगालो मार्दा



म्वाइ खाँदा

# एचआइभी कसरी सर्दैन ?




हात मिलाउँदा



लामखुट्टे, उपियाँ, उडुसले टोक्दा



अंगालो मार्दा



म्वाइ खाँदा

# एचआइभी कसरी सर्दैन ?



एउटै कक्षा कोठा तथा बेन्चमा बसेर पढ्दा, खेल्दा



सँगै नुहाउँदा, एउटै धारा प्रयोग गर्दा



एचआइभी संक्रमित ब्यक्तिको हेरचाह गर्दा



सँगै बसेर खाँदा



एउटै चर्पी प्रयोग गर्दा

# एचआइभी कसरी सर्दैन ?



एउटै कक्षा कोठा तथा बेन्चमा बसेर पढ्दा, खेल्दा



सँगै नुहाउँदा, एउटै धारा प्रयोग गर्दा



एचआइभी संक्रमित ब्यक्तिको हेरचाह गर्दा



सँगै बसेर खाँदा



एउटै चर्पी प्रयोग गर्दा

# एचआइभी सर्नबाट कसरी बच्न सकिन्छ ?

- श्रीमान श्रीमती वा एकजना विश्वासिलो यौन साथीसंग मात्र यौनसम्पर्क गर्नुहोस् ।







# एचआइभी सर्नबाट कसरी बच्न सकिन्छ ?

- श्रीमान श्रीमती वा एकजना विश्वासिलो यौन साथीसंग मात्र यौनसम्पर्क गर्नुहोस् ।







# एचआइभी सर्नबाट कसरी बच्न सकिन्छ ?



हरेक पटकको यौनसम्पर्कमा सही तरिकाले पुरुष वा महिला कण्डमको प्रयोग गर्नुहोस् ।




नियमित रुपमा यौनरोग परीक्षण तथा उपचार गर्नुहोस् ।




नियमित रुपमा एचआइभी परामर्श तथा रगत परीक्षण गर्नुहोस् ।

# एचआइभी सर्नबाट कसरी बच्न सकिन्छ ?




हरेक पटकको यौनसम्पर्कमा सही तरिकाले पुरुष वा महिला कण्डमको प्रयोग गर्नुहोस् ।




नियमित रुपमा यौनरोग परीक्षण तथा उपचार गर्नुहोस् ।





नियमित रुपमा एचआइभी परामर्श तथा रगत परीक्षण गर्नुहोस् ।

# एचआइभी सर्नबाट कसरी बच्न सकिन्छ ?



सुई साटा साट गरेर लागूपदार्थ सेवन नगर्नुहोस् ।





एचआईभी परीक्षणबाट एचआईभी मुक्त भएको पक्का गरिएको रगत मात्र प्रयोग गर्नुहोस् ।

# एचआइभी सर्नबाट कसरी बच्न सकिन्छ ?



सुई साटा साट गरेर लागूपदार्थ सेवन नगर्नुहोस् ।




एचआईभी परीक्षणबाट एचआईभी मुक्त भएको पक्का गरिएको रगत मात्र प्रयोग गर्नुहोस् ।

# एचआइभी संक्रमण भए नभएको कसरी थाहा पाउन सकिन्छ ?

- एचआइभी संक्रमण भए नभएको थाहा पाउने एकमात्र उपाय रगत परीक्षण हो ।

- कुनै पनि व्यक्तिको शारीरिक अवस्था, हाउभाउ, व्यवहार हेरेर एचआइभी भए नभएको थाहा पाउन सकिदैन् ।



# एचआइभी संक्रमण भए नभएको कसरी थाहा पाउन सकिन्छ ?

- एचआइभी संक्रमण भए नभएको थाहा पाउने एकमात्र उपाय रगत परीक्षण हो ।

- कुनै पनि व्यक्तिको शारीरिक अवस्था, हाउभाउ, व्यवहार हेरेर एचआइभी भए नभएको थाहा पाउन सकिदैन् ।



# एचआइभी संक्रमण भएको शंका लागेमा के गर्नु पर्छ ?




यदि तपाईंले एचआइभी सर्नसक्ने जोखिम ब्यवहार गर्नुभएको छ भने र तपाइलाई एचआइभी संक्रमण भएको शंका लागेमा एचआइभी परामर्श तथा रगत परीक्षण केन्द्रमा गई परामर्श सहित रगत परीक्षण गर्न सक्नुहुन्छ ।

# एचआइभी संक्रमण भएको शंका लागेमा के गर्नु पर्छ ?




यदि तपाईंले एचआइभी सर्नसक्ने जोखिम ब्यवहार गर्नुभएको छ भने र तपाइलाई एचआइभी संक्रमण भएको शंका लागेमा एचआइभी परामर्श तथा रगत परीक्षण केन्द्रमा गई परामर्श सहित रगत परीक्षण गर्न सक्नुहुन्छ ।

# एचआइभी परामर्श र रगत परीक्षणको फाइदाहरु के के छन् ?

**एचआइभी परामर्श र रगत परीक्षण गरेर यदि एचआइभी नभएको पाइएमा**:

- eljiodf klg Prcf0e{L ;q+d0fjf6 jRgsf nflu ;'/lIft Jojxf/ ckgf0{ Prcf0e L ;gf{6 hf]ufpg ;lsG5 .

- Prcf0e{L ;q+d0fsf]8/ / z+sfjf6 dS t xg' ;lsG5 .





# एचआइभी परामर्श र रगत परीक्षणको फाइदाहरु के के छन् ?

**एचआइभी परामर्श र रगत परीक्षण गरेर यदि एचआइभी नभएको पाइएमा:**

- eljiodf klg Prcf0{eL ;qmd0fjf6 jRgsf nflu ;'lIft Jojxf/ ckgf0{Prcf0eL ;g{f6 hf]ufpg ;lsG5 .
- Prcf0{eL ;qmd0fsf]8/ / z+sfjf6 dSt xg ;lsG5 .





# एचआइभी परामर्श र रगत परीक्षणको फाइदाहरु के के छन् ?

एचआइभी परामर्श र रगत परीक्षण गरेर यदि एचआइभी भएको पाइएमा तलका सेवाहरु लिएर आफ्नो स्वास्थ्य अवस्थाको रक्षा गर्न सकिन्छ ।



नियमित स्वास्थ्य उपचार





सहयोगी समूह



समुदाय तथा घरमा गरिने हेरचाह
तथा सहयोग (सिएचविसि)



एआरभी औषधि उपचार

# एचआइभी परामर्श र रगत परीक्षणको फाइदाहरु के के छन् ?

एचआइभी परामर्श र रगत परीक्षण गरेर यदि एचआइभी भएको पाइएमा तलका सेवाहरु लिएर आफ्नो स्वास्थ्य अवस्थाको रक्षा गर्न सकिन्छ ।



नियमित स्वास्थ्य उपचार





सहयोगी समूह




समुदाय तथा घरमा गरिने हेरचाह तथा सहयोग (सिएचविसि)



एआरभी औषधि उपचार

# यौनरोगको महिलाहरुमा हुने लक्षणहरु:





• योनीबाट अस्वाभाबिकरुपमा गन्हाउने सेतो पानी बग्ने







• योनी तथा योनी वरिपरि घाउ खटिरा आउने, रातो हुने सुन्निने, पोल्ने तथा चिलाउने

• योनीमा मुसा वा मासु पलाउने

# यौनरोगको महिलाहरुमा हुने लक्षणहरु:





- योनीबाट अस्वाभाबिकरुपमा गन्हाउने सेतो पानी बग्ने





- योनी तथा योनी वरिपरि घाउ खटिरा आउने, रातो हुने सुन्निने, पोल्ने तथा चिलाउने
- योनीमा मुसा वा मासु पलाउने

# यौनरोगको पुरुषहरुमा हुने लक्षणहरु:





- लिङ्गमा वा लिङ्ग वरिपरि बिमिरा, घाउ, खटिरा, पानीफोकाहरु आउने, चिलाउने तथा दुख्ने ।





- लिङ्गबाट पीप वा पानी बग्ने ।

- लिङ्गको वरिपरि मुसा वा मासु पलाउने ।

# यौनरोगको पुरुषहरुमा हुने लक्षणहरु:





- लिङ्गमा वा लिङ्ग वरिपरि बिमिरा, घाउ, खटिरा, पानीफोकाहरु आउने, चिलाउने तथा दुख्ने ।





- लिङ्गबाट पीप वा पानी बग्ने ।
- लिङ्गको वरिपरि मुसा वा मासु पलाउने ।

# तर याद गर्नुहोस् !

धेरै जसो यौनरोगहरुका कुनै पनि लक्षण देखा पर्दैनन् । जसरी कुहिएको फर्सि बाहिरबाट हेर्दा राम्रो देखिन्छ र भित्र कुहिएको हुन्छ ।



# तर याद गर्नुहोस् !

धेरै जसो यौनरोगहरुका कुनै पनि लक्षण देखा पर्दैनन् । जसरी कुहिएको फर्सि बाहिरबाट हेर्दा राम्रो देखिन्छ र भित्र कुहिएको हुन्छ ।



# यौनरोग भए नभएको कसरी थाहा पाउन सकिन्छ ?

- यौनरोग भए नभएको थाहा पाउने एकमात्र उपाय यौनरोगको परीक्षण गर्नु हो ।
- धेरै जसो यौनरोगहरु खास गरेर महिलाहरुमा बिना लक्षणका हुन्छन् ।
- कुनै पनि व्यक्तिको शारीरिक अवस्था, हाउभाउ, व्यवहार हेरेर यौनरोग भए नभएको थाहा पाउन सकिदैन् ।






# यौनरोग भए नभएको कसरी थाहा पाउन सकिन्छ ?

- यौनरोग भए नभएको थाहा पाउने एकमात्र उपाय यौनरोगको परीक्षण गर्नु हो ।
- धेरै जसो यौनरोगहरु खास गरेर महिलाहरुमा बिना लक्षणका हुन्छन् ।
- कुनै पनि व्यक्तिको शारीरिक अवस्था, हाउभाउ, व्यवहार हेरेर यौनरोग भए नभएको थाहा पाउन सकिदैन् ।






# यौनरोग लागेको शंका लागेमा के गर्नु पर्छ ?




यदि तपाईंले यौनरोग सर्नसक्ने जोखिम ब्यबहार गर्नुभएको छ भने र तपाइलाई यौनरोग भएको शंका लागेमा यौनरोग परीक्षण तथा उपचार केन्द्रमा गई परीक्षण गर्न सक्नुहुन्छ ।

# यौनरोग लागेको शंका लागेमा के गर्नु पर्छ ?




यदि तपाईंले यौनरोग सर्नसक्ने जोखिम ब्यबहार गर्नुभएको छ भने र तपाइलाई यौनरोग भएको शंका लागेमा यौनरोग परीक्षण तथा उपचार केन्द्रमा गई परीक्षण गर्न सक्नुहुन्छ ।

# यौनरोग उपचार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु :

स्वास्थ्यकर्मीले भने अनुसार औषधि उपचार पूरा मात्रामा गर्नुहोस् र जचाउन गईराख्नुहोस् ।





हरेक पटकको यौन सम्पर्कमा सही तरीकाले कण्डम प्रयोग गर्नुहोस् ।

यौनरोगको उपचार गर्दा ध्यान पुऱ्याउनु पर्ने

**४ महत्वपूर्ण**

कुराहरु

यौनसाथीको खोजी र उपचार आफू सँगै गर्नुहोस् ।





यौनरोग बारे शिक्षा र परामर्श लिनुहोस् ।

# यौनरोग उपचार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु :

स्वास्थ्यकर्मीले भने अनुसार औषधि उपचार पूरा मात्रामा गर्नुहोस् र जचाउन गईराख्नुहोस् ।






हरेक पटकको यौन सम्पर्कमा सही तरीकाले कण्डम प्रयोग गर्नुहोस् ।

यौनरोगको उपचार गर्दा ध्यान पुऱ्याउनु पर्ने

४ महत्वपूर्ण कुराहरु

यौनसाथीको खोजी र उपचार आफू सँगै गर्नुहोस् ।





यौनरोग बारे शिक्षा र परामर्श लिनुहोस् ।

# एचआईभी, यौनरोग र लैङ्गिक हिंसाको सम्बन्ध

- एचआईभी र यौनरोग संक्रमणको सबै भन्दा मुख्य कारण असुरक्षित यौन सम्बन्ध हो ।
- समाजका अन्य क्षेत्रमा जस्तै यौन जीवनमा समेत पुरुषहरूले निर्णायक भूमिका निर्वाह गर्दै आएका छन् । यसले एकातिर महिलाहरूको यौन तथा प्रजनन् अधिकार हनन् भईरहेको छ भने अर्को तिर असुरक्षित यौनसम्बन्ध र यौनजन्य हिंसा बढाईरहेको छ ।
- कसरी यौन सम्बन्ध राख्ने र गर्भवती हुने वा नहुने, अनि परिवार नियोजनका लागि कुन साधन अपनाउने भन्ने महिलाको यौनिक निर्णयमा समेत दखल दिँदै पुरुषहरूले कण्डम विना यौन सम्बन्ध राख्न बाध्य गर्ने, नमानेको अवस्थामा हिंसामा उत्रने गरेको पाइन्छ ।
- पितृसत्तात्मक सोच र पुरुषको हैकमवादी यौन व्यवहारले महिलाहरू माथि यौन हिंसा, एचआईभी र यौनरोगको जोखिम बढाउने छ ।



# एचआईभी, यौनरोग र लैङ्गिक हिंसाको सम्बन्ध

- एचआईभी र यौनरोग संक्रमणको सबै भन्दा मुख्य कारण असुरक्षित यौन सम्बन्ध हो ।
- समाजका अन्य क्षेत्रमा जस्तै यौन जीवनमा समेत पुरुषहरूले निर्णायक भूमिका निर्वाह गर्दै आएका छन् । यसले एकातिर महिलाहरूको यौन तथा प्रजनन् अधिकार हनन् भईरहेको छ भने अर्को तिर असुरक्षित यौनसम्बन्ध र यौनजन्य हिंसा बढाईरहेको छ ।
- कसरी यौन सम्बन्ध राख्ने र गर्भवती हुने वा नहुने, अनि परिवार नियोजनका लागि कुन साधन अपनाउने भन्ने महिलाको यौनिक निर्णयमा समेत दखल दिँदै पुरुषहरूले कण्डम विना यौन सम्बन्ध राख्न बाध्य गर्ने, नमानेको अवस्थामा हिंसामा उत्रने गरेको पाइन्छ ।
- पितृसत्तात्मक सोच र पुरुषको हैकमवादी यौन व्यवहारले महिलाहरू माथि यौन हिंसा, एचआईभी र यौनरोगको जोखिम बढाउने छ ।



# लैङ्गिक हिंसा ?

भविष्यमा वा तुरुन्तै नकारात्मक प्रभाव पर्ने गरी लिङ्गको आधारमा गरिने कुनै पनि हिंसालाई लैङ्गिक हिंसा भनिन्छ

## लिङ्ग भनेको

स्त्रीलिङ्ग र पुलिङ्ग दुई प्राकृतिक लिङ्ग हुन्। सामान्यत यी अपरिवर्तनीय हुन्छन् र यिनको विशेषता एवं स्वरूप सबै ठाउँमा एकै प्रकारको हुन्छ। प्राकृतिक रूपमै स्त्री र पुरुषलाई केही विशिष्ट क्षमता प्राप्त छन्। उदाहरणको लागि महिलाले मात्र गर्भधारण गरी बच्चा जन्माउन सक्छ।

## लैङ्गिकता भनेको

लिङ्गको आधारमा समाज एवं व्यक्ति द्वारा महिला र पुरुष प्रति गरिने फरक व्यवहार, हेर्ने दृष्टिकोण र मूल्य मान्यतालाई लैङ्गिकता भनिन्छ। त्यसकारण, लैङ्गिकता सामाजिक व्यवहार हो र ठाउँ, समय, समुदाय र धर्म अनुसार फरक फरक हुनसक्छ।



शारीरिक हिंसा



मानसिक हिंसा



यौनजन्य हिंसा



सामाजिक हिंसा

# लैङ्गिक हिंसा

भविष्यमा वा तुरुन्तै नकारात्मक प्रभाव पर्ने गरी लिङ्गको आधारमा गरिने कुनै पनि हिंसालाई लैङ्गिक हिंसा भनिन्छ

## लिङ्ग भनेको

स्त्रीलिङ्ग र पुलिङ्ग दुई प्राकृतिक लिङ्ग हुन्। सामान्यत:यी अपरिवर्तनीय हुन्छन् र यिनको विशेषता एवं स्वरूप सबै ठाउँमा एकै प्रकारको हुन्छ। प्राकृतिक रूपमै स्त्री र पुरुषलाई केही विशिष्ट क्षमता प्राप्त छन्। उदाहरणको लागि महिलाले मात्र गर्भधारण गरी बच्चा जन्माउन सक्छ।

## लैङ्गिकता भनेको

लिङ्गको आधारमा समाज एवं व्यक्ति द्वारा महिला र पुरुष प्रति गरिने फरक व्यवहार, हेर्ने दृष्टिकोण र मूल्य मान्यतालाई लैङ्गिकता भनिन्छ। त्यसकारण, लैङ्गिकता सामाजिक व्यवहार हो र ठाउँ, समय, समुदाय र धर्म अनुसार फरक फरक हुनसक्छ।



शारीरिक हिंसा



मानसिक हिंसा



यौनजन्य हिंसा



सामाजिक हिंसा

# लैङ्गिक हिंसाका असरहरू

## यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी असरहरू

क) यौनरोग तथा एचआईभीको जोखिम बढ्ने ।

ख) कम तौलको शिशु जन्मने ।

ग) नचाहेको गर्भ रहने, असुरक्षित गर्भपत नहुने, गर्भावस्थामा जटिलता आउने, गर्भ तुहिने ।

घ) यौन विकृति/दैनिक जीवनमा उथलपुथल आउने ।

## सामाजिक असरहरू

क) आरोप, कलङ्क वा लाञ्छना लगाउने, भेदभाव गर्ने ।

ख) पारिवारिक र सामाजिक रूपमा लाञ्छना लगाउने तथा भेदभाव र बहिष्कार समेत गरिने ।

ग) काम गर्ने सामर्थ्य हराउने (आय आर्जनमा कमी, बालबच्चाको उचित हेरचाह नहुनु) ।

## मनोवैज्ञानिक असरहरू

क) मानसिक पीडा/तनाव आउने ।

ख) निराशा, चिन्ता, डराउने, तर्सिने, शारीरिक दुःख, अस्वस्थता, अनियन्त्रित डर, अरुची बढ्ने ।

ग) यौन क्षमतामा कमी आउने ।

घ) आत्मबलको कमी हुने ।

## ज्यानको असर


क) मृत्युको जोखिममा पर्न सक्ने ।

ख) आत्महत्या गर्ने ।

ग) मातृ तथा शिशु मृत्यु बढ्ने ।



ज्यान नलिने



ज्यान लिने

# लैङ्गिक हिंसाका असरहरू

## यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी असरहरू

क) यौनरोग तथा एचआईभीको जोखिम बढ्ने ।
ख) कम तौलको शिशु जन्मने ।
ग) नचाहेको गर्भ रहने, असुरक्षित गर्भपत नहुने, गर्भावस्थामा जटिलता आउने, गर्भ तुहिने ।
घ) यौन विकृति/दैनिक जीवनमा उथलपुथल आउने ।

## सामाजिक असरहरू

क) आरोप, कलङ्क वा लाञ्छना लगाउने, भेदभावगर्ने ।
ख) पारिवारिक र सामाजिक रूपमा लाञ्छना लगाउने तथा भेदभाव र बहिष्कार समेत गरिने ।
ग) काम गर्ने सामर्थ्य हराउने (आय आर्जनमा कमी, बालबच्चाको उचित हेरचाह नहुनु) ।

## मनोवैज्ञानिक असरहरू

क) मानसिक पीडा/तनाव आउने ।
ख) निराशा, चिन्ता, डराउने, तर्सिने, शारीरिक दुःख, अस्वस्थता, अनियन्त्रित डर, अरुची बढ्ने ।
ग) यौन क्षमतामा कमी आउने ।
घ) आत्मबलको कमी हुने ।

## ज्यानको असर

क) मृत्युको जोखिममा पर्न सक्ने ।
ख) आत्महत्या गर्ने ।
ग) मातृ तथा शिशु मृत्यु बढ्ने ।



ज्यान नलिने



ज्यान लिने

# केही लैङ्गिक हिंसाहरू



कुटपिट गर्ने, चुरोटले पोलिदिने, पान खाएर थुकिदिने, शारीरिक कष्ट हुने गरी यौन कार्य गर्ने ।




भालु, रण्डी, बेश्या, माल, जुगाड जस्ता अपशब्दको प्रयोग, गालि गलौज, धम्काउने, तर्साउने, चरित्र हत्या गर्ने, माया-प्रेममा धोखादिने ।



यौनकार्य गरिसके पछि पैसा नदिने, दलाल र साहुले बढी रकम लिने ।



अप्राकृतिक यौन सम्बन्धका लागि बाध्य पारिने, यौनाङ्गमा चोट पुऱ्याउने, नचाहेको ठाउँमा यौनकार्य गरिने ।




एक जना भनेर सामुहिक यौन सम्पर्क राखिने, सामुहिक बलात्कार, यौन सम्बन्ध पछि हत्या गरिने ।

# केही लैङ्गिक हिंसाहरू



कुटपिट गर्ने, चुरोटले पोलिदिने, पान खाएर थुकिदिने, शारीरिक कष्ट हुने गरी यौन कार्य गर्ने ।



भालु, रण्डी, बेश्या, माल, जुगाड जस्ता अपशब्दको प्रयोग, गालि गलौज, धम्काउने, तर्साउने, चरित्र हत्या गर्ने, माया-प्रेममा धोखादिने ।



यौनकार्य गरिसके पछि पैसा नदिने, दलाल र साहुले बढी रकम लिने ।



अप्राकृतिक यौन सम्बन्धका लागि बाध्य पारिने, यौनाङ्गमा चोट पुऱ्याउने, नचाहेको ठाउँमा यौनकार्य गरिने ।



एक जना भनेर सामुहिक यौन सम्पर्क राखिने, सामुहिक बलात्कार, यौन सम्बन्ध पछि हत्या गरिने ।

# अब के गर्ने ?




सतर्क रहने, सजिलो लुगा र जुत्ता लगाउने (हिड्न अप्ठेरो हिल जुत्ता नलगाउने) र बाहिर गए पनि साथी वा होटलको मालिकलाई भनेर जाने ।




सधै सचेत रहने, आत्मरक्षाको बारेमा सर्तक रहने, विभिन्न उपायहरू अपनाउने, तयारी अवस्थामा रहने ।




सामुहिक रुपमा सम्भव नभए पनि मन मिल्ने साथी सँग खुलेर छलफल गर्ने ।




साथीहरूको समूह बनाएर समस्यामा छलफल गर्दै आपसी सहयोग र समन्वय गर्ने ।




जबरजस्ती करणी भएको अवस्थामा सकेसम्म छिटो र ढिलोमा ७२ घण्टा भित्र विश्वास चिन्ह अंकित सेवा केन्द्र वा सामाजिक संस्थामा सम्पर्क राख्ने ।

# अब के गर्ने ?




सतर्क रहने, सजिलो लुगा र जुत्ता लगाउने (हिड्न अप्ठेरो हिल जुत्ता नलगाउने) र बाहिर गए पनि साथी वा होटलको मालिकलाई भनेर जाने ।




सधैं सचेत रहने, आत्मरक्षाको बारेमा सर्तक रहने, विभिन्न उपायहरू अपनाउने, तयारी अवस्थामा रहने ।




सामुहिक रुपमा सम्भव नभए पनि मन मिल्ने साथी सँग खुलेर छलफल गर्ने ।




साथीहरूको समूह बनाएर समस्यामा छलफल गर्दै आपसी सहयोग र समन्वय गर्ने ।




जबरजस्ती करणी भएको अवस्थामा सकेसम्म छिटो र ढिलोमा ७२ घण्टा भित्र विश्वास चिन्ह अंकित सेवा केन्द्र वा सामाजिक संस्थामा सम्पर्क राख्ने ।

# अब कहाँ जाने ?

नेपाल सरकारका स्वास्थ्य संस्थाहरू, लैङ्गिक हिंसा सम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र वा साथ-साथ प्रोजेक्टद्वारा सञ्चालित चिन्ह अङ्कित सेवा केन्द्रहरूबाट लैङ्गिक हिंसा तथा यौनरोग र एचआईभी सम्बन्धी सेवा लिन सकिन्छ । यहाँ गोपनियतालाई ध्यानमा राख्दै भरपर्दो, सही, गुणस्तरीय र विश्वसनीय सेवाहरू प्रदान गरिन्छ ।




सेवा केन्द्रहरूमा गएर आफ्नो पालो नआउँदा सम्म टिभी हेर्ने, साथीहरूसँग छलफल गर्ने वा खेलहरू खेलेर बस्न सकिन्छ ।

दर्ता कक्षमा सेवाग्राहीको केही व्यक्तिगत सूचनाहरू सङ्कलन गरेर प्रत्येकको व्यक्तिगत फाईल खडा गरी परामर्श कक्षमा पठाईन्छ ।




परामर्श कक्षमा सेवाग्राहीलाई लैंङ्गिक हिंसा,यौन व्यवहार तथा एचआइभी सम्बन्धी छलफल र परामर्श गरी परीक्षण कक्षमा पठाईन्छ ।




परामर्श कक्षमा सेवाग्राहीलाई एचआइभी जाँच पश्चातको परामर्श दिई नतिजा सुनाईन्छ र परीक्षण कक्षमा पठाईन्छ ।

परीक्षण कक्षमा यौनरोगको आधारभूत परीक्षण, घाउचोट पटकको उपचार र एचआइभी संक्रमितको अवसरवादी संक्रमणको परीक्षण तथा उपचार गरिन्छ । रगत तथा अन्य आवश्यक परीक्षणको लागि प्रयोगशाला कक्षमा पठाईन्छ ।




परीक्षण कक्षमा सेवाग्राहीलाई यौनरोग परीक्षणको नतिजा दिई आवश्यक उपचार गरि अर्को पल्ट आउनु पर्ने मितिको जानकारी गराई बिदा दिईन्छ ।

आफ्नो पालो नआउँदा सम्म टिभी हेर्ने, साथीहरू सँग छलफल गर्ने वा खेलहरू खेलेर बस्न सकिन्छ ।




बाहिर

प्रयोगशाला कक्षमा रगत र अन्य आवश्यक परीक्षणहरू गरिन्छ । नतिजा आउन केही समय लाग्ने हुनाले सेवाग्राहीलाई भेटघाट कक्षमा पठाईन्छ ।

# अब कहाँ जाने ?

नेपाल सरकारका स्वास्थ्य संस्थाहरू, लैङ्गिक हिंसा सम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र वा साथ-साथ प्रोजेक्टद्वारा सञ्चालित चिन्ह अङ्कित सेवा केन्द्रहरूबाट लैङ्गिक हिंसा तथा यौनरोग र एचआईभी सम्बन्धी सेवा लिन सकिन्छ । यहाँ गोपनियतालाई ध्यानमा राख्दै भरपर्दो, सही, गुणस्तरीय र विश्वसनीय सेवाहरू प्रदान गरिन्छ ।





सेवा केन्द्रहरूमा गएर आफ्नो पालो नआउँदा सम्म टिभी हेर्ने, साथीहरूसँग छलफल गर्ने वा खेलहरू खेलेर बस्न सकिन्छ ।

दर्ता कक्षमा सेवाग्राहीको केही व्यक्तिगत सूचनाहरू सङ्कलन गरेर प्रत्येकको व्यक्तिगत फाईल खडा गरी परामर्श कक्षमा पठाईन्छ ।




परामर्श कक्षमा सेवाग्राहीलाई लैङ्गिक हिंसा, यौन व्यवहार तथा एचआइभी सम्बन्धी छलफल र परामर्श गरी परीक्षण कक्षमा पठाईन्छ ।




परामर्श कक्षमा सेवाग्राहीलाई एचआइभी जाँच पश्चातको परामर्श दिई नतिजा सुनाईन्छ र परीक्षण कक्षमा पठाईन्छ ।

परीक्षण कक्षमा यौनरोगको आधारभूत परीक्षण, घाउचोट पटकको उपचार र एचआइभी संक्रमितको अवसरवादी संक्रमणको परीक्षण तथा उपचार गरिन्छ । रगत तथा अन्य आवश्यक परीक्षणको लागि प्रयोगशाला कक्षमा पठाईन्छ ।




परीक्षण कक्षमा सेवाग्राहीलाई यौनरोग परीक्षणको नतिजा दिई आवश्यक उपचार गरि अर्को पल्ट आउनु पर्ने मितिको जानकारी गराई बिदा दिईन्छ ।

आफ्नो पालो नआउँदा सम्म टिभी हेर्ने, साथीहरू सँग छलफल गर्ने वा खेलहरू खेलेर बस्न सकिन्छ ।




बाहिर

प्रयोगशाला कक्षमा रगत र अन्य आवश्यक परीक्षणहरू गरिन्छ । नतिजा आउन केही समय लाग्ने हुनाले सेवाग्राहीलाई भेटघाट कक्षमा पठाईन्छ ।

# केही कानुनी व्यवस्था

क) संविधान : नेपालको अन्तरिम संविधानको धारा २० मा महिलाको हक अन्तर्गत उपधारा ३ मा कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै पनि हिंसा जन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने उल्लेख छ। यस्तै, धारा २६ ले यातना विरुद्धको अधिकारलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको छ।

ख) घरेलु हिंसा (कसूर र सजाय) ऐन : यसले हिंसा गर्ने अपराधीलाई सजाय र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ।

ग) यौन तथा प्रजनन् अधिकार : यसले यौन तथा प्रजनन् अधिकारलाई महिलाको मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ।

घ) जबरजस्ती करणी : यसले मन्जुरी विनाको यौनसम्बन्धलाई गैर कानुनी मान्दै सजाय र क्षतिपूर्तिका साथै महिलालाई सतित्व रक्षाको अधिकार दिएको छ।

घ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१: यस ऐनले कार्यस्थलमा हिंसा परिभाषित गरी पीडकलाई सजायको व्यवस्था गरेको छ।

संस्थागत संरचनाहरू

क) अदालतहरू

ख) राष्ट्रिय मानव अधिकार आयोग

ग) राष्ट्रिय महिला आयोग

घ) प्रहरी महिला सेल

ङ) महिला हिंसा विरुद्ध कार्यरत संघ संस्थाहरू



# केही कानुनी व्यवस्था

क) संविधान : नेपालको अन्तरिम संविधानको धारा २० मा महिलाको हक अन्तर्गत उपधारा ३ मा कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै पनि हिंसा जन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने उल्लेख छ । यस्तै, धारा २६ ले यातना विरुद्धको अधिकारलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको छ ।

ख) घरेलु हिंसा (कसूर र सजाय) ऐन : यसले हिंसा गर्ने अपराधीलाई सजाय र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ ।

ग) यौन तथा प्रजनन् अधिकार : यसले यौन तथा प्रजनन् अधिकारलाई महिलाको मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ ।

घ) जबरजस्ती करणी : यसले मन्जुरी विनाको यौनसम्बन्धलाई गैर कानुनी मान्दै सजाय र क्षतिपूर्तिका साथै महिलालाई सतित्व रक्षाको अधिकार दिएको छ ।

घ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१: यस ऐनले कार्यस्थलमा हिंसा परिभाषित गरी पीडकलाई सजायको व्यवस्था गरेको छ ।

संस्थागत संरचनाहरू


क) अदालतहरू

ख) राष्ट्रिय मानव अधिकार आयोग

ग) राष्ट्रिय महिला आयोग

घ) प्रहरी महिला सेल

ङ) महिला हिंसा विरुद्ध कार्यरत संघ संस्थाहरू



# यौन तथा प्रजनन् अधिकार

यौन तथा प्रजनन् अधिकार अन्तर्गत यौन र प्रजनन स्वास्थ्य अनि महिलाका यौनिकता सित सम्बन्धित अन्य सबै मामिलामा बिना कुनै जबरजस्ती, भेदभाव र हिंसा अनि कसैको नियन्त्रणमा नरही, स्वन्तन्त्रता पूर्वक र जिम्मेवार तरिकाले निर्णय लिने सम्पूर्ण अधिकार पर्दछन्। यौन अधिकारले निम्न अधिकारलाई सुरक्षित गरेको हुन्छ :

- आफ्नो शरीर माथिको नियन्त्रणको अधिकार
- आफ्नो यौनिकता बारे निर्णय लिने अधिकार
- आफ्नो इच्छा अनुसार कहिले, को सित र कसरी यौनसम्पर्क गर्ने भन्ने अधिकार
- हिंसा वा हिंस्रक माध्यम प्रयोग गरेर जबरजस्ती यौनसम्पर्कको विरोध गर्ने अधिकार
- यौन आनन्द लिने अधिकार
- एचआईभी र अन्य यौनरोग संक्रमणबाट बच्ने उपायहरूको अधिकार
- यौन स्वास्थ्य सेवाको अधिकार

यस्तै प्रजनन् अधिकारले निम्न अधिकारलाई सुनिश्चित गर्छ :

- हरेक दम्पतीले सन्तोषपूर्ण र सुरक्षित यौन जीवन बिताउन सक्ने अधिकार,
- सन्तान कहिले र कति जन्माउने भन्ने बिषयमा सही जानकारी पाउने अधिकार,
- सन्तान कहिले र कति जन्माउने भन्ने आफैंले निधो गर्ने अधिकार,
- सुरक्षित, प्रभावकारी, सरल, आफ्नो खर्चले धान्ने र आफूलाई मनपर्ने परिवार नियोजनका साधन प्रयोग गर्ने अधिकार,
- प्रचलित कानुनको भित्र रही गर्भ रोक्ने उपायहरू अपनाउन पाउने अधिकार,
- स्वस्थ बच्चा जन्माउन गर्भवती र सुत्केरी अवस्थालाई सुरक्षित बनाउन उपयुक्त स्वास्थ्य सेवापाउने अधिकाररु।

महिला मानव अधिकार र यौन अधिकारले महिलालाई यौन सम्बन्ध अस्विकार गर्ने अधिकार दिन्छ र कसैले करकाप, डर, धम्की वा जोर जबर जस्तीका साथै गर्नुलाई महिलाको यौन अधिकारको र मानव अधिकारको हनन्को रूपमा लिन्छ।



# यौन तथा प्रजनन् अधिकार

यौन तथा प्रजनन् अधिकार अन्तर्गत यौन र प्रजनन स्वास्थ्य अनि महिलाका यौनिकता सित सम्बन्धित अन्य सबै मामिलामा बिना कुनै जबरजस्ती, भेदभाव र हिंसा अनि कसैको नियन्त्रणमा नरही, स्वन्तन्त्रता पूर्वक र जिम्मेवार तरिकाले निर्णय लिने सम्पूर्ण अधिकार पर्दछन् । यौन अधिकारले निम्न अधिकारलाई सुरक्षित गरेको हुन्छ :

- आफ्नो शरीर माथिको नियन्त्रणको अधिकार
- आफ्नो यौनिकता बारे निर्णय लिने अधिकार
- आफ्नो इच्छा अनुसार कहिले, को सित र कसरी यौनसम्पर्क गर्ने भन्ने अधिकार
- हिंसा वा हिंस्रक माध्यम प्रयोग गरेर जबरजस्ती यौनसम्पर्कको विरोध गर्ने अधिकार
- यौन आनन्द लिने अधिकार
- एचआईभी र अन्य यौनरोग संक्रमणबाट बच्ने उपायहरूको अधिकार
- यौन स्वास्थ्य सेवाको अधिकार

यस्तै प्रजनन् अधिकारले निम्न अधिकारलाई सुनिश्चित गर्छ :

- हरेक दम्पतीले सन्तोषपूर्ण र सुरक्षित यौन जीवन बिताउन सक्ने अधिकार,
- सन्तान कहिले र कति जन्माउने भन्ने बिषयमा सही जानकारी पाउने अधिकार,
- सन्तान कहिले र कति जन्माउने भन्ने आफैंले निधो गर्ने अधिकार,
- सुरक्षित, प्रभावकारी, सरल, आफ्नो खर्चले धान्ने र आफूलाई मनपर्ने परिवार नियोजनका साधन प्रयोग गर्ने अधिकार,
- प्रचलित कानुनको भित्र रही गर्भ रोक्ने उपायहरू अपनाउन पाउने अधिकार,
- स्वस्थ बच्चा जन्माउन गर्भवती र सुत्केरी अवस्थालाई सुरक्षित बनाउन उपयुक्त स्वास्थ्य सेवापाउने अधिकाररु।

महिला मानव अधिकार र यौन अधिकारले महिलालाई यौन सम्बन्ध अस्विकार गर्ने अधिकार दिन्छ र कसैले करकाप, डर, धम्की वा जोर जबर जस्तीका साथै गर्नुलाई महिलाको यौन अधिकारको र मानव अधिकारको हनन्को रूपमा लिन्छ ।



# जबरजस्ती करणी (बलात्कार) सम्बन्धी कानुनी व्यवस्था

कुनै पनि पुरुषले कुनै पनि महिलाको मन्जुरी विना जबरजस्ती यौन सम्बन्ध राख्नुलाई जबरजस्ती करणी (बलात्कार) भनिन्छ। तर जोर जुलुम गरी, अनुचित प्रभावपारी वा झुक्याएर, डरत्रास देखाई वा अपहरण गरी, १६ वर्ष भन्दा कम उमेरकी र होस ठेगान नरहेकी महिलासँग लिइएको मन्जुरीलाई मन्जुरी मानिने छैन। जबरजस्ती करणी  बलात्कार) महिला माथि हुने यौन जन्य अपराध हो। यो गम्भीर र अमानवीय सामाजिक अपराध पनि हो।

यस्तै, सामूहिक रुपमा तथा गर्भवती, अपांग र अशक्त महिला माथि एचआइभी संक्रमित व्यक्तिबाट, हाडनाता पर्ने व्यक्तिबाट र हिरासतमा जबरजस्ती करणी भएमा गम्भिर अवस्था मानेर १  देखि ५ वर्ष सम्म थप सजाय हुने छ।

जबरजस्ती करणीको अवस्थामा प्रमाणको सुरक्षा महत्वपूर्ण हुन्छ, त्यसैले निम्नकार्य गनु हुँदैन :

क) स्वास्थ्य परीक्षण नगराई नुहाउनु हुँदैन

ख) घटनास्थलको प्रकृति बदल्नु हुँदैन

ग) घटनाको बेला लगाएको लुगा धुनु हुँदैन

घ) स्वास्थ्य परीक्षण नगरी यौनसम्बन्ध राख्नु हुँदैन

जबरजस्ती करणीको घटना भएको मितिले ३५ दिनभित्र प्रमाण नष्ट नहुने गरी जति सक्दो चाँडो नजिकैको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्छ।

यस कानुनले सतित्व रक्षाको अधिकार अन्तर्गत कुनै पनि महिलाले आफूलाई बलात्कार हुन लागेको अवस्थामा प्रतिकार गर्दा वा बलात्कार भैसके पछि त्यसको रीस थाम्न नसकि १ घण्टा भित्र बलात्कारीलाई केही गर्दा त्यसको परिणाम स्वरुप बलात्कार गर्ने व्यक्तिको मृत्यु हुनपुगेमा समेत कुनै बात नलाग्ने कानुनी व्यवस्था गरेको छ।

यस्तै, कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिव ठहऱ्याए बमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिने व्यवस्था गरेको छ।



# जबरजस्ती करणी (बलात्कार) सम्बन्धी कानुनी व्यवस्था

कुनै पनि पुरुषले कुनै पनि महिलाको मन्जुरी विना जबरजस्ती यौन सम्बन्ध राख्नुलाई जबरजस्ती करणी (बलात्कार) भनिन्छ। तर जोर जुलुम गरी, अनुचित प्रभावपारी वा झुक्याएर, डरत्रास देखाई वा अपहरण गरी, १६ वर्ष भन्दा कम उमेरकी र होस ठेगान नरहेकी महिलासँग लिइएको मन्जुरीलाई मन्जुरी मानिने छैन। जबरजस्ती करणी बलात्कार) महिला माथि हुने यौन जन्य अपराध हो। यो गम्भीर र अमानवीय सामाजिक अपराध पनि हो।

यस्तै, सामूहिक रुपमा तथा गर्भवती, अपांग र अशक्त महिला माथि एचआइभी संक्रमित व्यक्तिबाट, हाडनाता पर्ने व्यक्तिबाट र हिरासतमा जबरजस्ती करणी भएमा गम्भिर अवस्था मानेर १ देखि ५ वर्ष सम्म थप सजाय हुने छ।

जबरजस्ती करणीको अवस्थामा प्रमाणको सुरक्षा महत्वपूर्ण हुन्छ, त्यसैले निम्नकार्य गनु हुदैन :

क) स्वास्थ्य परीक्षण नगराई नुहाउनु हुँदैन

ख) घटनास्थलको प्रकृति बदल्नु हुँदैन

ग) घटनाको बेला लगाएको लुगा धुनु हुँदैन

घ) स्वास्थ्य परीक्षण नगरी यौनसम्बन्ध राख्नु हुँदैन

जबरजस्ती करणीको घटना भएको मितिले ३५ दिनभित्र प्रमाण नष्ट नहुने गरी जति सक्दो चाँडो नजिकैको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्छ।


यस कानुनले सतित्व रक्षाको अधिकार अन्तर्गत कुनै पनि महिलाले आफूलाई बलात्कार हुनलागेको अवस्थामा प्रतिकार गर्दा वा बलात्कार भैसके पछि त्यसको रीस थाम्न नसकि १ घण्टा भित्र बलात्कारीलाई केही गर्दा त्यसको परिणाम स्वरुप बलात्कार गर्ने व्यक्तिको मृत्यु हुनपुगेमा समेत कुनै बात नलाग्ने कानुनी व्यवस्था गरेको छ।

यस्तै, कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहऱ्याए बमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिने व्यवस्था गरेको छ।



**यौनरोग परीक्षण तथा उपचार र एचआइभी परामर्श तथा परीक्षण साथै लैङ्गिक हिंसाको परामर्श तथा परीक्षणको लागि विश्वासको लोगो अंकित सेवा केन्द्रहरूमा सम्पर्क राख्नुहोस् ।**

विश्वास



गुणस्तरीय सेवा | विश्वसनीयता | भरपर्दो | मैत्रीपूर्ण | सुरक्षित | आरामदायी

यौनरोग परीक्षण तथा उपचार र एचआइभी परामर्श
तथा परीक्षण साथै लैङ्गिक हिंसाको परामर्श तथा परीक्षणको
लागि विश्वासको लोगो अंकित सेवा केन्द्रहरूमा सम्पर्क राख्नुहोस् ।



This publication was made possible through financial support provided by United States Agency for International Development (USAID) under the terms of Cooperative Agreement No. AID-367-A-11-00005 to FHI 360 .
The content of this publication does not necessarily reflect the views, analysis or policies of FHI 360 or USAID

**साथ-साथ प्रोजेक्ट**
गोपाल भवन, अनामिका गल्ली
बालुवाटार, काठमाण्डौं, नेपाल
फोन नं: ९७७-०१-४४३७१७३, फ्याक्स : ९७७-०१-४४१७४७५
ई-मेल: Nepal-info@fhi360.org

FHI 360/SBC/IEC/FC/R01 (2015-04)